## महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७५

सुनवल नगरपालिकाका सबै वडामा स्थापना भएका महिला उद्यम केन्द्र मार्फत सम्वन्धित वडामा विभिन्न प्रकारका उद्यम विकासमा टेवा पुऱ्याउने आयमूलक तथा सीपमूलक तालिम संचालन गरी स्थानीयस्तरमा विपन्न समुदायका घरपरिवारको जिविकोपार्जन सुधार गर्न वान्छनिय भएकोले सुनवल नगरपालिकाको नगर कार्यपलिकाले सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७४ को दफा ४ वमोजिम यो कार्यविधि वनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१)यो कार्यविधिको नाम **महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि २०७५** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. केन्द्र भन्नाले सुनवल नगरपालिकाका वडाहरुमा नगरपालिकाद्धारा एक वडा एक महिला उद्यम केन्द्रको नीति वमोजिम स्थापना गरिएका महिला उद्यम केन्द्रलाई सम्झनु पर्छ ।

ख. समिति भन्नाले महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन उपभोक्ता समिति सम्झनु पर्छ ।

ग. नगरपालिका भन्नाले सुनवल नगरपालिकालाई सम्झनु पर्छ ।

घ. कार्यपालिका भन्नाले सुनवल नगरपालिकाको नगर कार्यपालिकालाई सम्भफनु पर्छ ।

**३. उद्धेश्य :** यस कार्यविधिको उद्धेश्य देहाय वमोजिम हुनेछ ।

क. सुनवल नगरपालिकाका वडामा स्थापना भएका महिला उद्यम केन्द्रहरुको व्यवस्थापकीय प्रवन्ध गर्ने ।

ख. महिला उद्यम केन्द्रहरु मार्फत वडास्तरमा संचालन हुने आयमूलक तथा सीपमूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरुमा एकद्धार प्रणाली स्थापना गर्ने ।

ग. वडास्तरमा विभिन्न निकायहरुवाट संचालन हुने आयमूलक, सीपमूलक तथा क्षमता विकासका क्रियाकलापहरुमा आवश्यक समन्वय कायम गरी संभावित दोहोरापना हटाउने ।

**४. केन्द्रको संरचना:** (१) महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन गर्न एक महिला उद्यम केन्द्र संचालन तथा व्यवस्थापन उपभोक्ता समिति गठन गरिनेछ ।

(२) उपदफा १ वमोजिमको समिति सम्वन्धित वडा समितिको संयोजनमा आयोजित वडाभित्रका आमा समुह, समुदायिक संस्थाहरुका साथै स्थानीय महिलाहरुको भेलावाट गठन गरिनेछ ।

(३) समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरु सहित ९ देखि ११ सदस्य रहनेछन ।

(४) समितिको कार्य अवधी २ वर्षको हुनेछ ।

(५) समितिको वैटक कम्तिमा महिनाको एक पटक वस्नेछ । वैटकको कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(६) उपदफा १ वमोजिमको समितिमा सम्वन्धित वडाका निर्वाचित महिला सदस्यहरु सल्लाहकार रहनेछन र समितिको वैठकमा निजहरुलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

**५. केन्द्रको संरक्षकत्व :** सम्वन्धित वडाको वडा समिति केन्द्रको संरक्षक रहनेछ र १३ वटै केन्द्रहरुको संरक्षकको रुपमा नगरकार्यपलिका रहनेछ ।

**६. केन्द्रका कार्यहरु :** वडाभित्रका महिला तथा विपन्न समुदायको जिविकोर्जन सुधारमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउने उद्धेश्यका साथ केन्द्रले सामान्यतया देहाय वमोजिमका कार्यहरुको संचालन तथा व्यवस्थापन गर्नेछ ।

क. नगरपालकाद्धारा केन्द्र मार्फत संचालन गर्नेगरी विनियोजित वजेट तथ कार्यक्रमको कार्यान्वयन गर्ने ,

ख. वडास्तरमा विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि महिला तथा विपन्न समुदायको लक्षित समुह पहिचान गर्ने ,

ग. विपन्न तथा लक्षित समुहका लागि माग आवश्यकता पहिचान गर्ने ,

घ. पहिचान गरिएका माग तथा आवश्यकताका आधारमा लक्षित समुहका लागि विभिन्न आयमूलक, सीममूलक तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

ङ. पहिचान गरिएका माग तथा आवश्यकताका आधारमा लक्षित समुहका लागि आय आर्जनका कार्यक्रम संचालनका लागि वडा समिति, नगरपालिका, तथा अन्य निकायहरुसंग आवश्यक समन्वय गर्ने,

च. नगरपालिकावाट उक्त वडाका लागि सो केन्द्र मार्फत कार्यान्वयन गर्ने भनी निर्दिष्ट गरिएका कार्यहरु गर्ने,

छ. वडाभित्र विभिन्न विषयगत शाखा तथा निकायहरुवाट संचालन हुने आयमूलक तथा सीपमूलक तालिम तथा क्षमता विकासका कार्यक्रमहरुको सहयोग, संचालन, व्यवस्थापन तथा समन्वय गर्ने,

झ. विभिन्न सरकारी तथा गैर सरकारी निकाय एवं संस्थाहरुद्धारा वडावासीहरुले लाभ प्राप्त गर्ने गरी संचालन हुने कार्यक्रमहरुको लागि सहयोग, संचालन, व्यवस्थापन तथा समन्वय गर्ने,

**७. केन्द्रको कोष, लेखा र लेखा परीक्षण :** (१) केन्द्रको नाममा एक कोष रहनेछ ।

(२) उप दफा १ वमोजिमको कोषमा देहाय वमोजिमको रकम रहनेछ

क. नगरपालिकावाट प्राप्त अनुदान

ख. नगरपालिका तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंगको सम्भफौता वमोजिमको योजना तथा कार्यक्रम संचालनका लागि भएको सम्झोता वमोजिम प्राप्त हुने रकम ।

ग. केन्द्रको हल वहालमा दिदा प्राप्त हुने रकम ।

घ. केन्द्रले लागत सहभागितामा संचालन गर्ने तालिम तथा अन्य कार्यक्रम संचालनवाट प्राप्त हुने रकम।

(३) केन्द्रका् कोष संचालनका लागि केन्द्रको नाममा नगरपालिकाको सिफारिसमा एक वैंकमा खाता खोल्नु पर्नेछ ।

(४) केन्द्रले संचालन गर्ने कारोवार उक्त खाता मार्फत गर्नु पर्नेछ ।

(३) उक्त खाता समितिका अध्यक्ष कोषध्यक्ष र सचिवको संयुक्त दस्तखतवाट संचालन गर्नु पर्नेछ ।

(४) केन्द्रले आफ्नो कारोवारको प्रचलित कानुन वमोजिम लेखा राखी लेखा परीक्षण समेत गराउनु पर्नेछ ।

(५)

**८. सार्वजनिक परीक्षण गर्नुपर्ने :** केन्द्रले संचालन गरेका कार्यक्रमहरुको हकमा सम्वधित लक्षित समुह माझ सार्वजनिक परीक्षण गर्नुपर्नेछ । साथै एक आर्थिक वर्षभरि केन्द्र मार्फत भए गरेका कार्यहरु र स्थानयि महिला तथा लक्षित समुहको जिविकोपार्जनमा परेको प्रभावका सम्वन्धमा वडाका सरोकारवालहरुमा माझ आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

**९. सम्पत्तिको स्वामित्व र संरक्षण :** केन्द्रको भवन तथा सोले चर्चेको जग्गा लगायत केन्द्रमा प्राप्त हुने चल अचल सम्पत्तिको स्वामित्व नगरपालिकाको हुनेछ । केन्द्रले त्यस्तो सम्पत्तिको स्वामित्व तथा हकभोगका लागि कुनै प्रकारको दावि गर्न पाउनेछैन। तर त्यस्तो सम्पत्तिको रेखदेख, परिचालन र संरक्षण गर्ने प्राथमिक दायित्व समितिको हुनेछ ।

**१०. वाधा अडकाउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा परेमा नगर कार्यपालिकाले वाधा अडकाउ फुकाउनेछ ।

| महिला उद्यम केन्द्र मार्फत आ.व. २०७५।७६ मा संचालन गर्ने प्रस्तावित तालिम कार्यक्रम (सन्दर्भका लागि) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र स | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
| १ | आधारभूत सिलाईकटाई तालिम (३० जना ३ महिने) | पटक | १ | | १६०००० | |
| १.१ | सिलाइ मेसिन खरिद | गोटा | १० | १०००० | १००००० | |
| १.२ | प्रशिक्षक १ जना | महिना | ६ | ८५०० | ५१००० | |
| १.३ | तालिम सामग्री तथा व्यवस्थापन | पटक | १ | ९००० | ९००० | |
| २ | उद्यम विकास (SIYB) तालिम ३० जना ७ दिने | पटक | १ | १००००० | १००००० | |
| ३ | मखमली जुत्ता चप्पल वनाउने तालिम (३० जना १५ दिने) | पटक | १ | १००००० | १००००० | |
| ४ | करेशावारी व्यवस्थापन तालिम( नमूना करेसावारी तयार गर्न तयार भएका घरधुरी मध्येवाट वडाले छनोट गरेको ३० घरधुरीका ३० जनालाई ५ दिने ) | पटक | १ | ४०००० | ४०००० | |
| ५ | कुसन वनाउने तालिम १५ जना १५ दिने | पटक | १ | ५०००० | ५०००० | |
| ६ | चुरापोते वनाउने तालिम १५ जना १५ दिने | पटक | १ | ५०००० | ५०००० | |
| | जम्मा | | | | ५००००० | |